"लोकतन्त्रको संस्थागत विकास तथा स्थायित्वका लागि"

# निर्वाचन पर्यवेक्षण समिति नेपाल
## Election Observation Committee Nepal (EOC-Nepal)

**प्रेस विज्ञप्ति**

नेपालको संविधान २०७२ वमोजिम प्रतिनिधिसभा र प्रदेशसभाका प्रतिनिधिहरुका लागि दोश्रो आमनिर्वाचन आज विक्रम संवत् २०७९ सालको मंसिर ४ गते सम्पन्न भएको छ । निर्वाचन आयोगले जारी गरेको समय तालिकावमोजिम् विहान ७ बजेदेखि सुरु भई अपरान्ह ५ बजेसम्मको निर्धारित समय भित्र निर्वाचनस्थल प्रवेश गरिसकेका मतदाताहरुले समेत मतदान गरी निर्वाचन कार्य मुलुकैभर एकै चरणमासम्पन्न भएको े छ । केहि अपवादलाई वाहेक निर्वाचन समष्ठिगतरुपमा सफलतापूर्वक सम्पन्न भएको छ । लोकतन्त्रको संस्थागत विकासमा यो निर्वाचन अर्को एउटा कोषे ढुंगो सावित हुने छ भन्ने अपेक्षालाई सार्थक रुपदिन प्रयत्नशील प्रस्तुत निर्वाचन विभिन्न वाधा र चुनौतीको वावजुद निर्वाचन सम्मन्न भई त्यो सफलतातर्फ एकपाईला अगाडी बढेको छ ।

यस निर्वाचनको पर्यवेक्षणको लागि यस संस्थाको तर्फवाट ७७ वटै जिल्लामा ५२३ जना राष्ट्रिय पर्यवेक्षकहरु, सार्वजनिक सेवामा महत्वपूर्ण योगलान गरेका राष्ट्रिय ब्यक्तित्वहरु, र अन्य स्वतन्त्र बुद्दिजीवीहरुले समेत सहभागि भई निर्वाचन केन्द्रहरुको स्थलगत भ्रमण गरी पर्यवेक्षण गरिएको छ । स्थलगत पर्यवेक्षणवाट आज अपरान्हसम्म प्राप्त भएको तथ्य, प्रमाण र विवरणहरुलाई आधार मानेर विश्लेषण गर्दा निष्कर्षमा निर्वाचन अनपेक्षितरुपमा केहि मतदान केन्द्रहरुमा द्वन्द, झडप, मुठभेड, र विवादको कारणले असर गरेता पनि निर्वाचनको बृहत उद्धेश्य प्राप्तिमा अपेक्षाकृतरुपमा निर्वाचन शान्तिपूर्ण वातावरणमा नै सम्पन्न भएको देखिन्छ । साथै यो निर्वाचनमा केहि मूलभूत दृष्यहरु सामुन्ने आएको आएको छ । प्रकटरुपमा मतदाताहरुको सकृय उत्साहमा कमी देखियो भने पर्यवेक्षणको अवधिमा युवा मतदाताको सहभागिता समेत न्यून देखियो ।

निर्वाचन पर्यवेक्षणको सिलसिलामा स्थलगत पर्यवेक्षणको लागि परिचालित पर्यवेक्षकहरुले प्रत्यक्षरुपमा जानकारीमा लिईएका घटनाहरुलाई निम्नरुपमा उल्लेख गरिनु प्रासंगिक हुने देखिन्छ ।

विशेष गरेर महिलाहरुको लागि र शाररीक फरक क्षमता भएका मतदाताहरुको लागि मतदानस्थलमा मतदान गर्न पहुँचको सुविधाको ब्यवस्थापनमा कमिकम्जोरीको निरन्तरता कायमै रहेको देखियो । कुनैकुनै मतदानस्थालमा शाररीक क्षमता कमजोर भएका मतदाताहरु वैशाखी टेकेर, जेष्ठ नागरिकहरु आफन्तको काँधमा झुण्डिएर, गएका दृष्यहरु पनि दोहरिए । अशक्त र सहारा चाहिने व्यक्तिहरुको लागि मतदान गर्न आफ्नो नजिकको नातेदारले सहयोग गर्न पाउने कानुनी अधिकारको दुरुपयोग गरेको समेत देखियो । र यसैलाई कारण बनाएर राजनीतिक दलहरुबीच आपसी द्वन्दको वातारण सिर्जना भएको पनि देखियो ।

दार्चुला, दोलखा, गोरखा, सिरहा, सप्तरी, रौतहट, दैलेख, चितवन, धनकढी, बर्दिया, स्याङजा, पांचथर, मुगु, हुम्ला, पश्चिम नवलपरासी, कैलाली, मोरङ्ग, लगाएतका ५० भन्दा वढी क्षेत्रहरुमा फायर, हवाई फायर र वम जस्ता संकास्पद वस्तु राखिएको, कतिपय स्थानमा विस्फोटका घटना समेत भएको जानकारी पाईयो । साथै निर्वाचन केन्द्रहरुमा हिंसात्मक घटनाहरु भई प्रहरीहरुद्धारा हवाई फायर नै गर्नुपर्ने अवस्थाहरुको सिर्जना भएको पाईयो, निर्वाचन सुरक्षामा पनि सवाल उठेको छ । कतिपय स्थानहरु मतदान स्थगन भई पुनः निर्वाचनको दिन तोक्नुपर्ने अवस्था सिर्जना भएको छ ।

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4794568, Fax. 01-4791044 Email. eocnepal123@gmail.com, Web site : www.eocnepal.org.np

"लोकतन्त्रको संस्थागत विकास तथा स्थायित्वका लागि"

निर्वाचन पर्यवेक्षण समिति नेपाल
Election Observation Committee Nepal (EOC-Nepal)

आयोगको व्यवस्थापनको कमजोरी भनौं वा निर्वाचनमा खटिएका कर्मचारीहरुको अदक्षताको कारण, कुनै कुनै मतदान केन्दहरुमा प्रतिनिधिसभातर्फको समानुमातिक तर्फको मतपत्र र एफपिटिपि (पहिलो हुने प्रथम हुने) को लागि दिएको मतपत्र हेराफेरी भएको देखियो र उक्त त्रुटीलाई मतदान अधिकृतले स्वीकार गरेको समेत पाईयो । प्रतिनिधिसभा र प्रदेशसभाको मतपत्र र मतपेटीका फरक फरक परेको, साटासाटका कारण चुनाव चिन्ह नभएको मतपत्रका कारण कतिपय स्थानमा मतदान पुनः गर्नु पर्ने अवस्था र कतिपय स्थानमा मतदाता मत खसालि हिडसकेको अवस्थामा पुनः मतदातालाई खोजी गरी ल्याउनु पर्ने असहज अवस्था समेत देखियो । छिटपुटरुपमा भएका आपसी द्वन्द, झडप, झगडा र हिंसात्मक घटनाहरुले हाम्रा पर्यवेक्षकहरुले समेत असुरक्षित महशुस गर्न परेको र भयवित वातावरणमा पर्यवेक्षण गरेको जानकारी प्राप्त भएका छन् । मुगु जिल्लाको छांयानाथ नगरपालिकामा हाम्रा लामो समयका पर्यवेक्षक समेत दलीय हिंसाको सिकार भएका छन ।

यसैगरी यसपालि पनि निर्वाचन शिक्षा, मतदाता शिक्षाको प्रभाव भौतिक रुपमा धेरैले महशुस गर्न नपाएको गुनासा यथावत नै रह्यो । यद्यपी, मतदान केन्द्रमा गरिएको ब्यवस्थापन सरल र मतदानको लागि सहज देखिन्थ्यो । मौन अवधि (स्थिर समय) मा भोजभतेर, धनराशीको वितरण, लत्ताकपडाको वितरण गर्ने कार्यले निरन्तरता पाएको र आचार संहिताको उलंघन फरक शैलीमा व्यापकरुपमा भएको गुनासो रहिनै रह्यो । हाम्रा पर्यवेक्षकहरु पर्यवेक्षणको सिलसिलामा मतदानस्थ्लमा पुग्दा प्राय सवैस्थानमा मत दिएर फर्कने मतदाताहरुलाई भोजभतेरको प्रवन्ध गरेको पाईयो । भोजभतेर गर्न नसक्ने उम्मेदवारको प्रतिनिधिले चुरोट खान भन्दै सय दुईसय बांडेका समेत देखियो । साथै राजनितिक दल र उम्मेदवारका डर त्रास र धमास र मिथ्या सूचना घृणास्पद अभिव्यक्तिका कारण मतदाताहरु भयभित हुनु पर्ने वातावरण यथावत नै रह्यो । कुनै कुनै मतदान केन्द्रमा स्वयम् सेवकको बिल्ला भिराएर मतपत्रमा छाप लगाउने स्थानमा राखेको समेत देखियो । अतः निर्वाचनको निश्पक्षतामा सिधै प्रश्न गर्ने स्थान नभएता पनि निर्वाचनका स्वच्छता र अझै उत्तरदायी बनाउन आवश्यक देखिन्छ ।

निर्वाचन पर्यवेक्षण समिति नेपाल (ई.ओ.सि. नेपाल) ले गरेको सुक्ष्म अध्ययन/अनुसंन्धान र पर्यवेक्षणको आधारमा विश्लेषणात्मक सुझाब निष्कर्ष सहितको प्रतिवेदन छिटै सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दै निर्वाचनलाई सम्पन्न गर्न प्रत्यक्ष निर्वाचन आयोग, नेपाल सरकार र अप्रत्यक्षरुपमा साथ, सहयोग, सुझाब, सहकार्य र समझदारी र सहजिकरणमा सहभागि साझेदारहरु सवैमा हार्दिक बधाई छ । साथै सम्पूर्ण निर्णायक मतदाताहरुमा हार्दिक नमन गर्दछौ ।

प्रदिप पोखरेल
अध्यक्ष
निर्वाचन पर्यवेक्षण समिति नेपाल
ई.ओ.सि. नेपाल
काठमाण्डौ, २०७९, मंसिर ४ गते